# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५४ सालको ऐन नं.१०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

**मालपोत ऐन, २०३४ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना : मालपोत ऐन, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छब्बीसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "मालपोत (पाँचौं संशोधन) ऐन, २०५४" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मालपोत ऐन, २०३४ को दफा २ मा संशोधन** : मालपोत ऐन, २०३४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख१) मा रहेका "वरिष्ठ मालपोत अधिकृत" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ख१) पछि देहायका खण्ड (ख२) र (ख३) थपिएका छन् :-

"(ख२) "सरकारी जग्गा" भन्नाले सडक, बाटो, रेल्वे तथा सरकारी घर, भवन वा कार्यालय रहेको जग्गा सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारको अधीनमा रहेको वन, बुटेन, जंगल, नदी, खोलानाला, नदी उकास, ताल, पोखरी तथा सो को डिल, नहर, कूलो, ऐलानी, पर्ति वा अन्य जग्गा, भीर, पहरा, डगर बगर र श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सरकारी जग्गा भनी तोकिदिएको जग्गा समेतलाई जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

556

(ख३) "सार्वजनिक जग्गा" भन्नाले कुनै व्यक्तिले मात्र नभै सार्वजनिक रुपमा प्रयोग गर्न पाउने परापूर्वदेखि प्रचलनमा रहेको बाटो, कुवा, पानी पँधेरो, पानीघाट, इनार, पोखरी तथा सो को डिल, गाईवस्तु निकाल्ने निकास, गौचर, मसानघाट, चिहान, पाटी, पौवा, देवल, धार्मिक उपासना गर्ने स्थल, स्मारक, मठ, मन्दिर, चोक, डबली, ढल, चौतारो, हाट, मेला लाग्ने ठाउँ, सार्वजनिक मनोरञ्जन गर्ने तथा खेलकूद गर्ने ठाउँ र श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको जग्गा समेत सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को,-

(१) उपदफा (१क) मा रहेका "अधिकार सो" भन्ने शब्दहरु पछि "आयोग वा" भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको कुनै जग्गा दर्ता गर्न सम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोग समेतको आवश्यक छानबिन गरी तोकिए बमोजिमको समितिको सिफारिसमा तोकिएको प्रकृया अपनाई



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्नेछ । त्यस्तो दर्ता सम्बन्धमा मालपोत कार्यालयले निवेदन परेको मितिले दुई वर्षभित्र अन्तिम टुङ्गो लगाई सक्नु पर्नेछ ।".

(३) उपदफा (२क) झिकिएकोछ ।

(४) उपदफा (३) मा रहेको "उमेर" भन्ने शब्द पछि "वा निजको बाबु, बाजे, पति वा ससुराको नाम थर" भन्ने शब्दहरु थपिएका छन् ।

४. मूल ऐनमा दफा ७क. थप : मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएकोछ :-

"७क. एउटै जग्गाधनी संकेत नम्बर दिन सक्ने : मालपोत विभागले जग्गाधनीलाई नेपाल अधिराज्यभित्र निजको नाममा रहेको सबै जग्गाको एउटै जग्गाधनी संकेत नम्बर दिने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।"

५. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएकोछ :-

"८. रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम : (१) प्रचलित कानून बमोजिम लिखतको रजिष्ट्रेशन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने काम मालपोत कार्यालयले गर्नेछ ।

(२) रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागि तोकिएको समितिले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिमा मात्र लागु हुनेछ।

सम्बन्धित क्षेत्रको जग्गाको न्यूनतम मूल्य निर्धारण गर्नेछ ।

(३) प्रचलित कानून बमोजिम भएको मिलापत्रको आधारमा मालपोत कार्यालयले जग्गा दर्ता वा दाखिल खारेज गर्दा सम्बन्धित जग्गाको साबिक दर्ता, मोठ वा नम्बरीसंग भिडुन आएमा मात्र त्यस्तो जग्गाको दर्ता वा दाखिल खारेज गर्नेछ ।

(४) व्यक्ति विशेषको जग्गा सार्वजनिक प्रयोजनको लागि दर्ता गर्न सम्बन्धित व्यक्तिको निवेदन परेमा तोकिएको समितिको सिफारिसमा मालपोत कार्यालयले त्यस्तो जग्गाबाट सो व्यक्तिको नाम कट्टा गर्न सक्नेछ ।

(५) मोही लागेको वा हदबन्दीमा कारबाही भएको जग्गाको स्रेस्तामा हेरफेर भएमा सो कुराको जानकारी मालपोत कार्यालयले भूमिसुधार कार्यालयलाई दिनु पर्नेछ ।"

६. मूल ऐनमा दफा ८ख. थप : मूल ऐनको दफा ८क. पछि देहायको दफा ८ख. थपिएकोछ :-

"८ख. घर जग्गा रोक्का वा फुकुवा गर्ने : (१) कुनै घर जग्गामा विवाद परी वा अरु कुनै कारणले रोक्का राख्न आवश्यक देखिएमा मालपोत कार्यालयले त्यस्तो घर जग्गा रोक्का राख्न सक्नेछ ।

(२) प्रचलित कानून बमोजिम कुनै अड्डा, अदालत वा सरकारी कार्यालयबाट कुनै घर जग्गा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1000

रोक्का राख्न वा त्यस्तो रोक्का राखिएको घर जग्गा फुकुवा गर्न लेखी आएमा मालपोत कार्यालयले लेखी आए बमोजिम त्यस्तो घर जग्गा रोक्का वा फुकुवा गरिदिनु पर्छ ।

(३) प्रचलित कानून बमोजिम स्थापित कुनै बैंक, वित्तीय संस्था वा स्थानीय निकायले आफ्नो आर्थिक कारोबारको सिलसिलामा कुनै घर जग्गा रोक्का राख्न वा त्यसरी रोक्का राखिएको घर जग्गा फुकुवा गर्न लेखी पठाएमा मालपोत कार्यालयले तोकिए बमोजिम त्यस्तो घर जग्गा रोक्का राख्नु वा फुकुवा गर्नु पर्नेछ । त्यसरी रोक्का राख्दा वा फुकुवा गर्दा बैंक वा वित्तीय संस्थाको हकमा मालपोत कार्यालयले तोकिए बमोजिमको दस्तुर लिनेछ ।"

७. <u>मूल ऐनको दफा ९ मा संशोधन</u> : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएकोछ :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मालपोत कार्यालयले असुल गर्दै आएको मालपोत कुनै सरकारी कार्यालय वा स्थानीय निकायद्वारा असुल गर्न पाउने गरी अधिकार सुम्पन सक्नेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१००९

"(३) उपदफा (२) बमोजिम स्थानीय निकायले असुल गरेको मालपोतको रकम आफ्नो कोषमा जम्मा गर्नु पर्नेछ।"

८. <u>मूल ऐनमा दफा १०क. थप</u> : मूल ऐनको दफा १० पछि देहायको दफा १०क थपिएकोछ :-

"१०क <u>मालपोत दर निर्धारण गर्ने</u> : दफा १० मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम जग्गावालाले प्रत्येक वर्ष बुझाउनु पर्ने मालपोतको दर श्री ५ को सरकारले निर्धारण गर्न वा त्यस्तो मालपोतको दर स्थानीय निकायले निर्धारण गर्ने गरी तोक्न सक्नेछ।"

९. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ मा रहेका "तयार गर्नेछ।" भन्ने शब्दहरु पछि "सरकारी कार्यालय वा स्थानीय निकायले मालपोत उठाएको भए त्यस्तो फाँटवारी सरकारी कार्यालय वा स्थानीय निकायले सो अवधिभित्र तयार गरी मालपोत कार्यालयमा पठाउनु पर्नेछ।" भन्ने वाक्यांश थपिएकोछ।

१०. <u>मूल ऐनको दफा १८ मा संशोधन</u> : मूल ऐनको दफा १८ मा रहेका "व्यक्ति वा संस्थाले" भन्ने शब्दहरुको सट्टा "सरकारी कार्यालय वा स्थानीय निकायले" भन्ने शब्दहरु राखिएका छन्।

११. <u>मूल ऐनको दफा २२ मा संशोधन</u> : मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएकोछ :-

"२२. <u>यस ऐन बमोजिमको अधिकार प्रयोग गर्न सक्ने</u> : दफा ९ को उपदफा (२) बमोजिम कुनै सरकारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालय वा स्थानीय निकायले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम मालपोत असुल गर्दा सो सम्बन्धमा जग्गा लिलाम बिक्री गर्ने बाहेक मालपोत कार्यालयलाई प्राप्त सम्पूर्ण अधिकारहरु त्यस्तो सरकारी कार्यालय वा स्थानीय निकायले समेत प्रयोग गर्न पाउनेछन् ।"

१२. मूल ऐनको दफा २३ मा संशोधन : मूल ऐनको दफा २३ को सट्टा देहायको दफा २३ राखिएकोछ :-

"२३. हानी नोक्सानीको बिगो ब्यहोर्नु पर्ने : कसैले मालपोत असुल गर्दा जानीजानी वा बदनियत साथ यो ऐन वा प्रचलित कानूनको बर्खिलाप हुने काम गरी श्री ५ को सरकार वा अरु कसैलाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सो हानी नोक्सानीको बिगो र अन्य दायित्व मालपोत असुल गर्ने काममा खटिएको व्यक्तिले ब्यहोर्नु पर्नेछ । त्यसरी मालपोत असुल गरेको रकम हानी नोक्सानी भएकोमा निज उपर प्रचलित कानून बमोजिम कारबाही समेत हुनेछ ।"

१३. मूल ऐनको दफा २४ मा संशोधन : मूल ऐनको दफा २४ को सट्टा देहायको दफा २४ राखिएकोछ :-

"२४. सरकारी वा सार्वजनिक जग्गा दर्ता गर्ने वा आवाद गर्न नहुने : (१) सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न, गराउन हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१००२

तर श्री ५ को सरकारले सार्वजनिक जग्गा सार्वजनिक प्रयोजनको लागि र सरकारी जग्गा श्री ५ को सरकारबाट उचित ठहऱ्याएको कुनै कामको लागि व्यवस्था गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यो दफा प्रारम्भ हुनु भन्दा अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ । त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगत समेत मालपोत कार्यालय वा श्री ५ को सरकारले तोकेको अधिकारीले कट्टा गर्नेछ ।

(३) सरकारी जग्गा र सार्वजनिक जग्गा सम्बन्धित मालपोत कार्यालयले दर्ता गरी तोकिए बमोजिमको अभिलेख अद्यावधिक राख्नु पर्नेछ ।"

१४. मूल ऐनको दफा २६ मा संशोधन : मूल ऐनको दफा २६ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१)" भन्ने शब्दहरु राखिएका छन् ।

१५. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को सट्टा देहायको दफा २९ राखिएकोछ :-

"२९. सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आवाद गरेमा हुने सजाय : कसैले सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आबाद गराएमा मालपोत कार्यालयले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निजलाई एकहजार रुपैयाँदेखि दशहजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो जग्गा बझ्याई दिनेछ ।"

१६. मूल ऐनमा दफा २९क. थप : मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएकोछ :-

"२९क. झुट्टा विवरण पेश गरेमा हुने सजाय : प्रचलित कानून बमोजिम मालपोत कार्यालयबाट सम्पादन हुने काम कारबाहीको सिलसिलामा कसैले जानी जानी झुट्टा विवरण पेश गरेको देखिन आएमा तत्सम्बन्धी निर्णय गर्दा मालपोत कार्यालयले सो विवरण पेश गर्ने व्यक्तिलाई एकहजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।"

१७. मूल ऐनको दफा ३१ मा संशोधन : मूल ऐनको दफा ३१ को सट्टा देहायको दफा ३१ राखिएकोछ :-

"३१. पुनरावेदन : यस ऐनको दफा ७, ८, ८ख., २८, २९ र ३० बमोजिम मालपोत कार्यालयले गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।

तर दफा ७ बमोजिम मालपोत कार्यालयले हक बेहक सम्बन्धी प्रश्न उठाई अदालतबाट निर्णय गर्नु पर्ने गरी गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छैन ।"

१८. मूल ऐनमा दफा ३२ख. थप : मूल ऐनको दफा ३२क. पछि देहायको दफा ३२ख. थपिएकोछ :-

"३२ख. काम कारबाही बदर गर्न सक्ने : यस ऐन बमोजिम मालपोत अधिकृतबाट जग्गाको नामसारी, दाखिल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**खारेज तथा दफा ७ को उपदफा (३) मा उल्लिखित विवरणहरुमा संशोधन गर्दा प्रचलित कानून बमोजिम गम्भीर त्रुटी भएको छ भन्ने कुरा अदालतमा उजुर पर्नु अघि कसैको निवेदन परी वा कुनै व्यहोराले थाहा हुन आएमा मालपोत विभागको महानिर्देशकले उक्त निर्णय बदर गरी कानून बमोजिम पुनः निर्णय गर्न सक्नेछ ।"**

लालमोहर सदर मिति:- २०५४।८।२६।५

आज्ञाले,

**तीर्थमान शाक्य**

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१००६